# बुद्धशान्ति राजपत्र

**बुद्धशान्ति गाउँपालिकाद्वारा प्रकाशित**

| खण्डः ७ | संख्याः १५ | प्रकाशन मितिः २०८०।११।१७ |
|---|---|---|
| कार्यपालिकाबाट स्वीकृतः २०७८।११।१३ | | |


**भाग-२**

**बुद्धशान्ति गाउँपालिका**

**सम्बत २०८० सालको कार्यविधि नं. १५**

## बुद्धशान्ति गाउँपालिकाको शव वाहन सञ्चालन कार्यविधि, 2080

बुद्धशान्ति गाउँपालिकाद्वारा गाउँवासीको सुविधाका लागि व्यवस्था गरिएको शव वाहनलाई व्यवस्थित तवरबाट सञ्चालन, उपयोग र मर्मत सम्भार गर्न बाञ्छनीय भएकोले बुद्धशान्ति गाउँ कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

परिच्छेद-एक

### संक्षिप्त नाम र प्रारम्भ

1. **संक्षिप्त नाम र प्रारम्भः** (1) यो कार्यविधिको नाम भागीरथा बुद्धशान्ति अस्पतालको शव वाहन सञ्चालन कार्यविधि 2080 रहेको छ ।

   (2) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

   (3) यो कार्यविधि बुद्धशान्ति गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

2. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

   (१) "अध्यक्ष" भन्नाले बुद्धशान्ति गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ।

   (2) "उपाध्यक्ष" भन्नाले  बुद्धशान्ति गाउँपालिकाको उपाध्यक्षलाई जनाउँछ ।

   (3) "अस्पताल अध्यक्ष" भन्नाले भागीरथा बुद्धशान्ति अस्पताल व्यवस्थापन समितिको अध्यक्षलाई जनाउँछ ।

   (3) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐनलाई जनाउँछ।

   (4) "गाउँपालिका" भन्नाले बुद्धशान्ति गाउँपालिकालाई जनाउँछ   सो शब्दले वडा कार्यालय समेतलाई जनाउँछ ।

   (5) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले संघीय सरकारद्वारा प्रशासकीय प्रमुखको हैसियतमा कामकाज गर्न खटाइएको अधिकृतलाई जनाउँछ ।

परिच्छेद-दुई

### शव वाहन सम्बन्धी व्यवस्था

**3. <u>शव वाहनको व्यवस्थाः</u>** (१) गाउँपालिकाले शव ओसारपसार कार्यमा सहयोग पु-याउन शव वाहनको व्यवस्था गर्नेछ ।

(२) भागीरथा बुद्धशान्ति अस्पतालले शव वाहन सञ्चालन गर्नेछ।

**4. <u>शव वाहनको प्रयोगः</u>** (1) शव वाहनलाई निम्न कार्यमा प्रयोग गरिनेछः

(क) शवलाई अस्पतालदेखि घरसम्म पु-याउन ।

(ख) अस्पताल तथा घटनास्थलदेखि शवलाई पोष्टमार्टम हुने नजिकको अस्पतालसम्म पु-याउन ।

(ग) अस्पताल वा घटनास्थलबाट शव दाहसंस्कार स्थलसम्म पु-याउन ।

**5. <u>शव वाहन प्रयोग शुल्कः</u>** (1) कुनै अस्पताल वा घटनास्थलबाट शवलाई मृतकको घर वा घाट (दाहसंस्कार स्थल) सम्म पु-याउन प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समितिको मिति 2079/12/09 को निर्णय अनुसार "ख" वर्गको एम्बुलेन्सको लागि स्वीकृति प्रदान गरिएको नयाँ भाडा दरका आधारमा देहाय बमोजिमको शुल्क लाग्नेछः

(क) जिल्ला भित्रका कच्ची सडकमा  प्रति कि.मि. रु. 35।00

(ख) जिल्ला भित्रका पक्की सडकमा प्रति कि.मि. रु.30।00

(ग) झापा जिल्ला बाहिरका लागि प्रति कि.मि. रु.25।00

(घ) कच्ची पहाडी बाटोको लागि प्रति कि.मि. 70।00

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बुद्धशान्तिवासीलाई जिल्ला भित्रका कुनै अस्पताल वा घटनास्थलबाट शवलाई मृतकको घर वा घाट (दाहसंस्कार स्थल) सम्म पु-याउन र शव पोष्टमार्टमको लागि जिल्ला वाहिर लैजानु पर्ने भएमा समेत शव वाहन प्रयोगमा कुनै शुल्क लाग्ने छैन । तर जिल्ला वाहिरका कुनै अस्पताल वा घटनास्थलबाट शवलाई मृतकको घर वा घाट (दाहसंस्कार स्थल) सम्म पु-याउन प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समितिको मिति 2079/12/09 को निर्णय अनुसार "ख" वर्गको एम्बुलेन्सको लागि स्वीकृति प्रदान गरिएको नयाँ भाडा दरका आधारमा प्रति किलोमिटर रु २५।- का दरले भाडा लाग्नेछ ।

(३) माथिका जुनसुकै कुरा लेखिएता पनि बेवारिसे शवलाई घटनास्थलदेखि अस्पताल वा घाटसम्म लैजादा शव वाहन शुल्क लिइने छैन ।

(४) किलोमिटर गणना हुँदा आतेजाते दुवैतर्फको दुरी गणना हुनेछ ।

(५) गाउँपालिकाका स्थायी वासिन्दालाई शव वाहन प्रयोगमा पहिलो प्राथमिकता दिइनेछ ।

**6. <u>शव वाहन सञ्चालन सम्बन्धी अन्य व्यवस्थाः</u>** (१) अस्पतालले उपलब्ध गराउने शव वाहन सञ्चालनको तोकिएको ढाँचा बमोजिमको अपरेशन लगसिट अस्पतालको प्रशासन शाखा प्रमुखले प्रमाणित गरी सम्बन्धित चालकलाई उपलब्ध गराउनु पर्नेछ । चालकले पनि सोही लगसिटमा उपकरण सञ्चालन सम्बन्धी अभिलेख राख्नु पर्नेछ ।

(२) शव वाहन प्रयोग गर्दा साइटसम्म लैजाने र काम सम्पन्न भए पश्चात सुरक्षित तवरले अस्पतालमा फिर्ता बुझाउने सम्पूर्ण जिम्मेबारी सम्बन्धित प्रयोगकर्ता र चालकको हुनेछ ।

(३) शव वाहन प्रयोग गर्दा तोकिएको स्थानमा भन्दा अन्य क्षेत्रमा लैजान पाइने छैन । पछि कुनै कारणवस क्षेत्र बदल्नु परेमा अस्पतालसँग स्वीकृति लिनु पर्नेछ ।

(४) शव वाहन प्रयोग भइरहेको अवस्थामा बिग्रन गइ मर्मत सम्भार गर्नुपर्ने भएमा कार्यालयको नियमानुसार गर्नुपर्नेछ ।

(५) शव वाहन प्रयोग गर्दा उक्त उपकरण कार्यालयबाट वाहिर निस्केको र कार्यालयमा फिर्ता भएको मिति र समय जनाई सम्बन्धित चालकले दस्तखत जनाई तोकिएको अधिकारीबाट प्रमाणित गराइ राख्नु पर्नेछ ।

(६) शव वाहन प्रयोग भइ फिर्ता भएपछि सम्बन्धित चालकले सञ्चालन भएको विवरण सहितको अपरेशन लगसिट भरी दुरुस्त राख्नु पर्नेछ । चालकले प्रत्येक पटक इन्धन माग गर्दा अपरेसन लगसिट साथै बुझाउनु पर्नेछ ।

(७) शव उठाउने समय निर्धारण भएको आधा घण्टा अगाडी शव वाहन पुग्नेछ। कुनै कारणवस शव उठाउन ढिलाइ भएमा निर्धारित समय भन्दा १ घण्टा भन्दा वढी पर्खने छैन।

**7. <u>शव वाहन सेवा सञ्चालन तथा व्यवस्थापन समिति सम्वन्धी व्यवस्थाः</u>** (१) शव बाहनको व्यवस्थित प्रयोगको व्यवस्था मिलाउन तपसिल बमोजिमको व्यवस्थापन समिति रहनेछः

(क) अस्पताल व्यवस्थापन समिति उपाध्यक्ष- संयोजक
(ख) गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्यमध्ये १ सदस्यः सदस्य
(ग) शव वाहन दाता संस्थाको प्रतिनिधिः सदस्य
(घ) अस्पताल व्यवस्थापन समितिले मनोनित गरेको १ जना-सदस्य
(ङ) अस्पतालमा कार्यरत प्रशासन शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) वमोजिमको समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रचलित कानुनको परिधि भित्र रही शव वाहन सेवा सञ्चालन र व्यवस्थापन गर्ने ।
(ख) निश्चित आधार समेत खुलाई शव वाहनको सेवा शुल्क निर्धारण तथा छुट सम्बन्धी मापदण्ड निर्धारण गरी कार्यपालिका बैठकमा पेश गर्ने ।
(ग) शव वाहन चालकको अन्य सुविधा निर्धारण गरी कार्यपालिका बैठकमा पेश गर्ने ।
(घ) शव वाहन सञ्चालन कार्यको नियमित अनुगमन गरी सोको प्रतिवेदन अस्पताल व्यवस्थापन समिति र कार्यपालिकामा समक्ष पेश गर्ने ।
(ङ) शव वाहन सञ्चालन कार्यमा कुनै अनियमितता वा लापरवाही गरेको पाइएमा त्यस्तो कार्य गर्ने जुनसुकै व्यक्तिलाई नियमानुसार कारबाही गर्न सम्बन्धित गाउँपालिका समक्ष सिफारिस गर्ने ।

**8. <u>समितिको बैठकः</u>** (१) दफा ७ वमोजिमको समितिको बैठक प्रत्येक २/२ महिनामा वस्नेछ ।

(२) आवश्यकता परेमा जुनसुकै वखत संयोजकले वोलाउन सक्नेछ। अध्यक्षले बैठकमा आवश्यक ठानेका अन्य सरोकारवालाहरुलाई समेत आमन्त्रण गर्न सक्नेछ ।

(३) समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।यसरी बैठक बोलाउँदा कम्तिमा २४ घण्टा अगाडी सदस्यहरुलाई बैठक बस्ने मिति, समय, स्थान र छलफलको विषयमा बारेमा कुनै माध्यमबाट सूचना दिनु पर्नेछ ।

**9. <u>गलत सूचना दिने व्यक्तिलाई हुने सजायः</u>** (1) शव वाहन सेवा आवश्यक भयो भनी गलत सूचना दिई शव वाहन सञ्चालन तथा व्यवस्थापन कार्यमा अवरोध पु¥याउने व्यक्तिलाई कानुन बमोजिम कारवाही गरिनेछ ।

**10. <u>खारेजी र बचाउः</u>** (1) यस निर्देशिकामा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

आज्ञाले,
विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत